नेपाल प्रहरी प्रधान कार्यालय
मानव बेचबिखन अनुसन्धान ब्यूरो
बबरमहल, काठमाडौं

# प्रेस विज्ञप्ति-१०३

## “ मानव तस्करी कार्यमा संलग्न व्यक्ति पक्राउ ”

पीडित परिवर्तित नाम २६ बबरमहल (५४८) लाइ प्रतिवादी लोकमान खत्रीले नेपाली रू.२५,००,०००/- (पच्चीस लाख) लागतमा *Visit Visa* मा बेलायत प्रवेश गराई सकेपछी उक्त भिसालाई *Working Visa* मा परिवर्तन गरी नेपाली रू.२,००,०००/-(दुई लाख) सम्म मासिक कमाई हुने गरी राम्रो कम्पनीको काममा लगाई दिन्छु भन्ने आश्वासन देखाई पीडित जाहेरवालाबाट तत्काल भिषा प्रकृया शुरु गर्नको लागि रु.४,००,०००/- (चार लाख) आफ्नो खातामा जम्मा गराउन लगाए पश्चात निज जाहेरवालालाई तपाईको बेलायतको भिसा आएन तपाईलाई पुन:अमेरिका पठाउने प्रकृया गरि दिन्छु,अमेरिका लैजादा हवाई मार्गको प्रयोग हुने भएकोले सुरक्षीत साथ अमेरिका पुग्न सकिन्छ तर अमेरिका जानको लागी रु.४५,०००,००/-(पैतालिस लाख) लागत लाग्छ भनी जाहेरवालाबाट पटक पटक गरि रु.६५,२६,७८०/-(पैसठ्ठी लाख छब्बीस हजार सात सय असी रुपैया) रकम ठगी गरि मिति २०८१।०५।१८ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट दुबई, दुवईबाट भारत, भारत देखि नेपाल,पुन: नेपालबाट कतार, स्पेन, ब्राजिल, पेरु, ईक्यैडर, कोलम्बिया, पानामा, कोस्टारिका, निकारागुवा, हण्डुरस, मेक्सिकोबाट अबैध रुपमा अमेरिका पुऱ्याएकोमा अमेरिकी प्रहरीले निज जाहेरवालालाइ अवैध रुपमा अमेरिका प्रवेश गरेको कसुरमा पक्राउ गरि १४ महिना सम्म जेलमा राखी मिति २०८२/१२/२४ गते डिपोर्ट गरी नेपाल पठाए पश्चात यस कार्यालयमा दर्ता भएको मानव बेचबिखन तथा ओसारपसार(मानव तस्करी) मुद्दामा संलग्न रहेका निम्न प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय सल्यान सँगको समन्वयमा मिति २०८३।०१।२८ गते पक्राउ गरी काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप अनुमती लिई थप अनुसन्धान कार्य जारी रहेको । प्रारम्भीक अनुसन्धानको क्रममा निज प्रतिवादी लोकमान खत्री उपर जिल्ला प्रहरी कार्यालय सल्यानमा समेत ठगी मुद्दा दर्ता भएकोमा निज प्रतिवादी उक्त मुद्दामा **रु.३,००,०००(तीन लाख)**धरौटी रकम बुझाई तारेखमा छुटेको भन्ने खुल्न आएकोले निज प्रतिवादीले अन्य नेपाली नागरिकहरुलाई समेत अमेरिका लगाएतको देशमा पठाउने भनी मानव बेचबिखन तथा ओसारपसार र ठगी कसुर गरेको हुन सक्ने भएकोले सो सम्बन्धमा समेत आवश्यक अनुसन्धान भई रहेको ।

## पक्राउ प्रतिवादीको विवरण :-

१) टिकाराम खत्रीको नाती सशिराम खत्री तथा काली खत्रीको छोरा लुम्बिनी प्रदेश दाङ जिल्ला शान्तिनगर गा.पा. वडा नं ०३, बस्ने बर्ष २६ को लोकमान खत्री ।

**सूचना अधिकारी**
**( राजन लिम्वु )**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

**मिति: २०८३।०१।२९ गते ।**